जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ५२ २०८१ साल असोज १ गते मंगलबार (17 Sep. 2024 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : प्रधानमन्त्री ओलीले संसद्मा.. ३ पृष्ठमा : हवाई दुर्घटनाबारे अध्ययन ... ३ पृष्ठमा जापानमा वृद्धवृद्धाको संख्या...

# चन्दा नदिदा माइक्रो चालक र सहचालकलाई कुटपिट गरि लुटपाट



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौं ।**

मागे जतिको चन्दा दिन नसक्दा माइक्रो चालक र सहचालक माथि युवाहरुको एक समूहले सोमबार कुटपिट र लुटपाट गरेका छन् ।

सोको बिरोधमा राजविराज-हनुमाननगर सडक खण्डमा माइक्रो बस चालकहरुले चक्का जाम समेत गरेका थिए ।

राजविराजबाट विराटनगरतर्फ जाँदै गरेको प्र.१-००२-१ज.३८४२ नम्बरको माइक्रो बसलाई तोपा-मंसापुर खण्डमा रोकेर युवाहरुको एक समूहले कुटपिट र लुटपाट गरेको माइक्रो चालकहरुले बताएका छन् ।

विश्वकर्मा पुजाको नाममा जबरजस्ती चन्दा वसुल गरिरहेका स्थानीय युवाहरुको एक समूहले मागे जतिको चन्दा नदिदा चालक राम कुमार यादव र सहचालक मो. फिरोजलाई नियन्त्रणमा लिई कुटपिट र उनीहरुका साथमा रहेको नगद रकम समेत लुटपाट गरेको साइबाबा यातायात प्रा.लि. सप्तरीका अध्यक्ष भुपेन्द्र यादवले बताए । जबरजस्ती चन्दा असुल गर्ने र कुटपिट तथा लुटपाट गर्नेहरुलाई पक्राउ गरी कडा कारवाही गर्न माग गर्दै चक्का जाम गरिएको हो ।

उनले कुटपिट र लुटपाटमा तिलाठी कोइलाडी गाउँपालिकाका विरेन्द्र साह, नवीन सिंह, शिवशंकर यादव लगायत आधा दर्जन व्यक्तिहरु सलंग्न रहेको भन्दै उनीहरु विरुद्ध प्रहरीमा उजुरी समेत दिइएको बताए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज नेउपानेले घटनामा सलंग्नहरुको खोजी कार्य भइरहेको जनाएका छन् । उनले दोषिहरुलाई अविलम्ब पक्राउ गरी कानून बमोजिम कारवाही गर्ने प्रहरी प्रतिवद्धता पछि आन्दोलित सवारी चालकहरुले दुई घण्टा पछि चक्का जाम खोलेको र आवागमन सुचारु भएको जानकारी समेत दिए ।

# "महम्मद डे" मा सद्भाव ऱ्याली




**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौं ।**

मुस्लिम समुदायले सोमबार आफ्नो धर्मका प्रर्वतक हजरत महम्मद पैगम्बरको जन्मोत्सव सदभाव ऱ्याली सहित विविध कार्यक्रमको आयोजना गरी मनाएका छन् ।

यस अवसरमा सप्तरी सदरमुकाम राजविराजमा महम्मद पैगम्बर जन्मजयन्तीको ब्यानर, राष्ट्रिय र धार्मिक झण्डा तथा बाजागाजा सहित हज्जारौको सहभागितमा भव्य सदभाव ऱ्याली निकालिएको छ ।

महम्मद पैगम्बर जन्मजयन्ती मनाउन सोमबार मधेश प्रदेश सरकारले सार्वजनिक विदा नै दिए पछी मुस्लिम समुदायमा थप उत्साह देखिएको सदभाव ऱ्यालीका आयोजक मुस्लिम समाज राजविराजका अध्यक्ष तैयव अन्सारीले बताए ।

ऱ्यालीमा मुस्लिम समुदायका युवा, युवती, बृद्ध बृद्धा, बिभिन्न मदरसाका मौलानाका साथै बालबालिका समेतको उत्साहजनक सहभागिता रहेको थियो । सद्भाव ऱ्यालीमा हिन्दुधर्मावलम्वीका ब्यक्तीहरु पनि उत्साहका साथ सहभागी भए ।

मुस्लिम समाज राजविराजको अगुवाईमा "इस्लामको सन्देश मानवताको नाममा" नारासहित नुरीजामा मस्जिदबाट निस्केको सदभाव ऱ्याली बजार क्षेत्र परिक्रमा पश्चात पुन: सोही स्थानमा पुगी धार्मिक सभामा परिणत भएको थियो ।

उक्त धार्मिक सभालाई राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परवीन, मुस्लिम समाज राजविराजका अध्यक्ष तैयव अन्सारी, मौलाना कैसर रजा, वडा सदस्य रामानन्द देव लगायतले सम्बोधन गर्दै महम्मद पैगम्बरको मानवताका लागी निर्देशित सन्देश तथा हिन्दु-मुस्लिम बीचको आपसी भाईचारा र धार्मीक सहिष्णुताको सन्देश गाउँ/गाउँ सम्म पुऱ्याउनु पर्नेमा जोड दिए ।

यस अवसरमा मुस्लिम समुदायले गरिब, असहायलाई लत्ताकपडा, खाद्यान्न, फलफुल वितरणका साथै मिलाज, फतिया, कुरयानखानी लगायतका धार्मिक कार्यक्रम समेत आयोजना गरेको मुस्लिम अगुवा राजविराज ४ निवासी फैयाज अन्सारीले बताए ।

इस्लामी पात्रो हिजरी सम्वतको रब्बी अब्बल महिनामा साउदी अरबको मक्कामा हजरत महम्मद पैगम्बरको जन्म भएको दिनको सम्झनामा मुस्लिम समुदायले प्रत्येक वर्ष धुमधामका साथ उनको जन्मजयन्ती मनाउने गरेका छन ।

# पेट्रोल, डिजेल र मट्टीतेलको मुल्य घट्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, ३१ भदौ ।**

नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टीतेलको मुल्य घटाएको छ । डिजेल र मट्टीतेलमा प्रतिलिटर रु पाँच र पेट्रोलमा प्रतिलिटर रु चारले मुल्य घटाएको हो ।

भारतीय आयल निगमबाट आइतबार प्राप्त नयाँ खरिद मूल्य अनुसार भाउ घटेर आएकाले आइतबार राति १२ बजेपछि लागू हुने गरी मूल्य घटाइएको नेपाल आयल निगमद्वारा आइतबार जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नयाँ खरिद मूल्य प्राप्त भएपछि निगमको आइतबार बसेको सञ्चालक परिषद् बैठकले भाउ घटाउने निर्णय गरेको हो ।

निगमको डिपो कार्यालयबाट १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य कायम गरिएको पनि निगमले जनाएको छ ।

निगमले विभिन्न जिल्लालाई तीन वर्गमा विभाजन गरी त्यसै अनुसार मूल्य निर्धारण गरेको छ ।

पेट्रोलियम पदार्थमा मुल्य घटेपछि उपभोक्ताहरुले नजिकिँदै गरेको चाडपर्वको बेलामा केही राहत पाएको महसुस गरेका छन् ।

## संबिधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सवैको कर्तव्य हो।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरूको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानून, नीति तथा विधिहरू अमान्य हुन्छन्।

त्यसैले संविधानको पालना गर्नु सवैको कर्तव्य हो

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# विश्वकर्मा झैं सबै साझा बनौं

आज अर्थात असोज १ गते विश्वकर्मा पूजा । विश्वकर्मा पूजा हिन्दू देवता, ईश्वरीय वास्तुकार विश्वकर्माको लागि उत्सवको दिन हो । यस दिन फलामे बस्तुहरुको पुजा गर्ने गरिन्छ । मेसिन, उद्योग, कलकारखाना, यातायातका साधनलाई सजाएर भव्यतापूर्वक पूजापाठ गरिन्छ । मेसिन, बस, ट्रक, जीप, कार, मोटरसाइकलसहित सम्पूर्ण यातायातका साधनको पूजापाठ गरेपछि विश्वकर्माको पूजापाठ सम्पन्न भएको विश्वास रहिआएको छ ।

यो पूजा मुख्यतया कारखाना र औद्योगिक क्षेत्रहरूमा विषेश रुपमा मनाइने गरिन्छ । यस दिन मेसिन र पार्टपूर्जाको पूजापाठ गर्नाले कुनै दुर्घटना नहुने र यी सामग्रीहरुबाट धोका नपाइने जनविश्वास रहिआएको छ । कतिपय उद्योग, कलकारखाना तथा ग्यारेजहरुले भगवान विश्वकर्माको माटोको प्रतिक मूर्ती ल्याएर पूजा गर्ने गरिन्छ । परापूर्वकालमा दैत्यशक्तिबिरुद्ध लड्न देवताहरुलाई बिभिन्न किसिमको मेसिन, हतियार बनाइदिएर सहयोग गर्ने विश्वकर्मालाई फलामे देउताको रुपमा पूजापाठ गरिनुले यसलाई साझा देवताको रुपमा मानिन्छ । यस्तै मुश्लिम धर्मावलम्बीहरुले पनि विश्वकर्मा पूजा आफै नगरेपनि त्यहाका काम गर्ने कामदारहरुलाई पूजा गर्न कुनै रोकटोक गर्दैनन् । जसकारण विश्वकर्मालाई साझा देवताको रुपमा प्रस्तुत गरिन्छ ।

तसर्थ विश्वकर्मा जसरी साझा भएका छन् त्यसरी नै विभिन्न धर्मप्रति आस्था राख्ने व्यक्तिहरु पनि अन्य धर्म मान्ने व्यक्तिहरुप्रति साझा र सद्भावका साथ प्रस्तुत भएमा पक्कै पनि यसले समाजमा सकारात्मक सन्देश दिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रधानमन्त्री ओलीले संसद्मा गर्नुभएको सम्बोधनको पूर्ण विवरण

काठमाडौं, ३१ भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राष्ट्र सङ्घको ७९औं महासभामा नेपालले आफ्नो दृष्टिकोण स्पष्टसँग राख्ने बताउनुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकमा सम्बोधन गर्नुहुँदै उहाँले जलवायु परिवर्तन, वातावरणको संरक्षणलगायतका विषयमा नेपालको आफ्नो धारणा स्पष्टसँग राख्ने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले प्रतिनिधिसभाको बैठकमा गर्नुभएको सम्बोधनको पूर्ण विवरण

सम्माननीय सभामुख महोदय,

आज म विशेष प्रयोजनका लागि यस 'रोष्टम'मा उभिएको छु । खासगरी संयुक्त राष्ट्रसङ्घको ७९औं महासभामा भाग लिनका लागि नेपालको प्रतिनिधित्व गर्दै म असोज ४ गते त्यसतर्फ प्रस्थान गर्दैछु । आज त्यस कुराको जानकारी दिन र अलिकति संयुक्त राष्ट्रसङ्घमा नेपालको प्रस्तुतिका सम्बन्धमा केही कुराहरू राख्न यहाँ उभिएको छु ।

यद्यपि आज उठेका कुराहरू थुप्रै छन्, जसका बारेमा मैले आफ्ना दृष्टिकोणहरू प्रस्तुत गर्नैपर्छ कुनै समय, तर आज म प्रस्तुत गर्दिनँ । किनभने आज बेग्लै सन्दर्भमा म यहाँ उभिएको छु । यतिबेला म देशभरि विभिन्न ठाउँमा केही समययता भएका प्राकृतिक विपत्तिका घटना र दुर्घटनामा जीवन गुमाउने, अङ्गभङ्ग हुने, धनजनको क्षति हुने अवस्थाप्रति दुःख व्यक्त गर्न चाहन्छु । दिवङ्गतहरूप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु । र, घाइतेहरूको उपचारको जिम्मा सरकारले लिने कुरा पनि स्पष्ट पार्न चाहन्छु । यो सरकारले गर्ने नै गरेको छ, फेरि पनि हामी गर्छौं ।

यसै प्रसङ्गमा मैले प्राकृतिक विपत्ति पनि होइन, पाँचथरमा दुईजना बालबालिकाको निधन भयो । अहिले त्यति भनौं । कसरी निधन भयो भन्ने अब पछि कुरा गरौँला । बम विस्फोटबाट भन्न हुने हो कि नहुने हो ! यहाँ त अन्योल भइराखेको छ । तर बम विस्फोटबाट दुई बालबालिकाको मृत्यु भयो । म दुःख व्यक्त गर्न चाहन्छु । उहाँका परिवारजनलाई सरकारले रु पाँच-पाँच लाखका दरले क्षतिपूर्ति दिने र दुईजना अरू घाइते छन्, उनीहरूको उपचारको जिम्मा सरकारले लिनेछ । त्यो पनि म यस गरिमामय सभालाई सम्माननीय सभामुखमार्फत जानकारी गराउन चाहन्छु ।

मैले अघि नै भनें, थुप्रै विषय भए पनि आज म धेरै विषयहरूमा जान चाहन्न । धेरै विषयमा म आज बोल्न चाहन्न । मैले अघि नै प्रारम्भ गरिसकेको थिएँ कि संयुक्त राष्ट्रसङ्घको महासभामा सहभागी हुन संविधान तथा राष्ट्रिय दिवसको भोलिपल्टै ४ गते म संयुक्त राष्ट्रसङ्घको हेडक्वाटरतर्फ प्रस्थान गर्दैछु ।

म यस गरिमामय संसद्लाई सम्माननीय सभामुखज्यूमार्फत स्पष्ट गर्न चाहन्छु, नेपालका आफ्ना नीति छन्, आफ्ना दृष्टिकोण छन्, आफ्ना अडानहरू छन् । आफ्ना समस्याहरू छन्, आफ्ना उपलब्धिहरू छन् । र, ती हाम्रा समस्याहरू, हामीले प्राप्त गरेका उपलब्धिहरू अगाडि बढ्नुपर्ने हाम्रा अभिभाराहरू छन् । ती कसरी पूरा गर्न सकिन्छ वा कसरी पूरा गर्ने भन्ने कुरा, हामी यस सन्दर्भमा के प्रयास गरिरहेका छौं, त्यो कुरा विश्वलाई जानकारी गराउने कुरा र हाम्रा मात्रै प्रयासले नहुने ठाउँमा हामी बाह्य जगत्सँग कसरी हातेमालो गरेर अगाडि बढ्न चाहन्छौं भन्ने कुराहरू समेतमा आफ्ना दृष्टिकोणहरू नेपालका तर्फबाट मैले प्रस्तुत गर्नेछु ।

हामीले प्राप्त गरेको लोकतन्त्र, लोकतन्त्रलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न हामी आफैँले बनाएको संविधान र संविधानका विभिन्न पक्षको सङ्क्षिप्त र नेपालको लोकतन्त्रप्रतिको प्रतिबद्धता यी सबै कुराहरूलाई म त्यहाँ स्पष्टताका साथ राख्नेछु । नेपाल एउटा सार्वभौमसत्तासम्पन्न, स्वतन्त्र र स्वाधीन राष्ट्र हो । यसले आफ्नो राष्ट्रिय गौरवलाई अझ माथि उठाउनेछ र आफ्ना जायज राष्ट्रिय हितहरू, न्यायोचित राष्ट्रिय हितहरू र अन्तर्राष्ट्रिय उत्तरदायित्वभित्र रहेर पूरा गर्ने, रक्षा गर्ने, संवर्द्धन गर्ने र राष्ट्रिय हितलाई तलमाथि पर्न नदिने नेपालको प्रतिबद्धता गरेको छ । नेपाल असल छिमेकीका रूपमा छिमेक सम्बन्ध कायम राख्न चाहन्छ । छुद्र र जाली छिमेकी होइन । असल छिमेकीका रूपमा, छिमेकीको अहित चिताउने छिमेकीका रूपमा होइन, छिमेकीको हित चिताएर काम गर्ने छिमेकीका रूपमा बस्न चाहन्छ र त्यस्तै व्यवहार छिमेकीहरूबाट पनि चाहन्छ ।

नेपालको परराष्ट्र नीतिमा आधारभूत रूपमा भन्ने हो भने- छैन कसैसँग शत्रुता, सबैसँग छ मित्रता । यो नीतिबाट नेपाल निर्देशित छ, 'गाइडेट' छ । संयुक्त राष्ट्रसङ्घको वडापत्र, असंलग्न आन्दोलनका सिद्धान्तहरू र आन्तरिक मामिलाहरूमा हस्तक्षेप नगर्ने, कसैको सार्वभौमसत्तामा दखल नदिने र आफ्नो स्वतन्त्र हैसियतको, स्वतन्त्र नीतिमा कुनै हस्तक्षेप पनि अस्वीकार गर्ने नेपालको स्थापित नीति छ । त्यो कुरा पनि हामी संयुक्त राष्ट्रसङ्घमा राख्नेछौं ।

यहाँका केही आन्तरिक प्रवृत्तिहरू होलान् । थुप्रै साथीहरूले आन्तरिक प्रवृत्तिका बारेमा उठाउनुभएको छ । हाम्रो संसद्को गरिमालाई कमजोर बनाउने खालका भाषा, शैली, उत्तेजना वा व्यवहारजस्ता विषयहरूलाई त्यहाँ लगेर छरिने छैन । त्यहाँ राष्ट्रका विषयहरू, राष्ट्रका कुराहरू, राष्ट्रका समस्याहरू, राष्ट्रका चुनौतीहरू, राष्ट्रका अवसरहरू यसमा केन्द्रित भएर छलफल गरिनेछ ।

यसपटक सामान्य सम्बोधन गर्नेजस्तो विषय मात्रै होइन । विभिन्न विषयमा केन्द्रित भएर संयुक्त राष्ट्रसङ्घको महासभाले नै छलफलको आयोजनाहरू गरेको छ । 'फ्युचर समिट' भनेर आयोजना हुँदैछ । फ्युचर समिट भनेको मानव जातिको र धर्तीको कसरी सुरक्षित भविष्य सुनिश्चित गर्ने, यसका निम्ति हाम्रा बालबालिका, हाम्रो वातावरण आदिका पक्षहरूलाई कसरी गम्भीरताका साथ लिने र सहकार्य गरेर आजको विश्व अगाडि बढ्ने भन्ने सन्दर्भमा छलफल हुनेछ । म त्यहाँ राम्ररी नेपालको दृष्टिकोणहरू प्रस्तुत गर्नेछु । त्यसै गरेर 'स्मल आइल्यान्ड कन्ट्री', समुन्द्रको सतह बढेको विषयलगायतका कुराहरूको छलफल हुनेछ । हामी वातावरणीय विषयमा यसको सन्दर्भमा सबैभन्दा पहिले त हिमाल र समुन्द्रको 'इकोसिस्टम'का बारेमा त्यहाँ नेपालको दृष्टिकोण पनि प्रस्तुत गर्नेछौं । इकोसिस्टम र समुन्द्रको सतह बढ्नाका पछाडि हिमालको हिउँ पग्लनु कारण रहेको छ । हिमालबाट हिउँ पग्लिएर हिमालमा हिउँ नअडिएको हुनाले अत्यधिक मात्रामा गएपछि, यो सानो मात्रामा जाँदैन, विशाल नदीहरू हिउँ पग्लिएर अनवरत गइरहेका छन् र एउटा नियमित चक्रमा मात्रै होइन, बढी गइरहेका छन् । जति हिमालले हिउँ बोक्नु पर्दथ्यो, त्यति नबोकिरहेको छ । त्यस्तो किन भएको छ, त्यसका कारणमा जानुपर्दछ । समुन्द्रको पानी प्रदूषित हुने कुरा र वायुमण्डलमा आएको प्रदूषणदेखि लिएर 'एसिड र सल्टिसिड'हरू हिमालसँग ठोकिन जानेदेखि लिएर यसले पारेको प्रतिकूल असरजस्ता कुराहरूमा हामीले विश्वको ध्यानाकर्षण गराउनुपर्नेछ । र 'क्लाइमेटको इस्यु'सँग हाम्रा हिमालयको सम्बन्ध के छ र हाम्रो हिमाललाई, हाम्रो हिमाल भनेको हाम्रो मात्रै हिमाल होइन, हाम्रो भूगोलमा अवस्थित छ आमरूपमा । तर यो यसको मात्रै होइन, 'ग्लोबल कन्सर्न'को समस्या हो ।

जब हामी 'पिपुल र प्लानेट'को कुरा गर्छौं । आज ध्यान दिनुपर्ने विषय भनेको दुईवटा विषय हुन्-पिपुल एन्ड प्लानेट । 'इन्भाइरोनमेन्ट'को कुरा गरौं, 'पोभर्टी एलिभिएसन'को कुरा गरौं वा अरू जुनसुकै कुरा गरौं, जेसुकै कुरा गरे पनि-पिपुल एन्ड प्लानेट । प्लानेटको फ्युचर हाम्रो 'फ्युचर जेनेरेसन' र आजको चिल्ड्रेन र भोलिका बालबालिकासमेतको 'सेक्योर' कसरी गर्ने ? यी सबै विषयहरूमा छलफल हुँदैछ ।

आज दुनियाँले भोगिरहेको र नेपालले पनि बहुतै 'सिरियस्ल्ली' भोगिरहेको 'ड्रग'को समस्या, यस विषयमा पनि संयुक्त राष्ट्रसङ्घले यसपटक एउटा 'सेग्मेन्ट' राखेको छ, एउटा छलफलको विषय राखेको छ । तत्सम्बन्धमा हामीले पनि गम्भीर रूपमा ध्यानाकर्षण गर्नुपर्नेछ । यसमा हाम्रो देशभित्र भइरहेका छलफल र अलिक चर्को गरी उठ्न र उठाउन खोजिएका विषयहरू त्यसका बारेमा म अहिले जान चाहन्नँ । कति मात्रै भन्न चाहन्छु भने ड्रगजस्ता कुराहरू, लागुपदार्थजस्ता कुराहरू यसले मानव जातिको भविष्यलाई खतरामा पार्छ । यस्ता विषयमा हामी सजग हुनुपर्दछ र हामीले आफ्नो दृष्टिकोण र ड्रग्स नियन्त्रणसम्बन्धी र त्यसको प्रयोगलाई समाप्त पार्ने दिशामा नेपालको योगदान, ड्रग्सको कारोबारलाई अन्त्य गर्ने सम्बन्धमा, ड्रग्सको भूमिकालाई अन्त्य गर्ने सम्बन्धमा नेपालको दृष्टिकोण पनि मैले त्यहाँ प्रस्तुत गर्नेछु । यस्ता विविध गम्भीर विषयहरू दुनियाँले भोगिरहेको र हामीले पनि भोगिरहेका विषयहरू, जसले हामीलाई 'अलार्म' बजाइरहेका छन् । खतरनाक भविष्यको सङ्केत गरिरहेका छन् । त्यस्ता विषयहरूका बारेमा पनि मैले त्यहाँ बोल्नेछु । साथै, यसपटक मैले न्युयोर्कस्थित धेरै विद्वानहरू जन्माएको र झन्डै तीन सय वर्ष पुग्न लागेको इतिहास भएको विश्वविद्यालय न्युयोर्कस्थित 'कोलम्बिया विश्वविद्यालय'मा एउटा सम्बोधन पनि गर्नेछु । त्यसै गरेर बोस्टर्नमा अवस्थित 'हार्वड विश्वविद्यालय'मा पनि एउटा सम्बोधन गर्नेछु । प्राज्ञिक क्षेत्रबाट विश्वको ध्यान नेपाल र नेपालीको दृष्टिकोणहरू, नेपालको अवस्था र नेपाल जान खोजेको कुरा बताउनेछु । नेपाल डेमोक्रेसीका लागि लडेर आएको छ । 'पोलिटिकल पार्टी सिस्टम', प्रतिस्पर्धात्मक 'डेमोक्रेटिक सिस्टम' हामीले रोजेर ल्याएका हौं । मैले पहिले पनि भन्ने गरेको छु र यसै रोष्टमबाट पनि भन्ने गरेको छु- प्रतिस्पर्धा स्वस्थ हुनुपर्दछ । प्रतिस्पर्धा भनेको झुटो कुराको बखान होइन । झुटा आरोप, लाञ्छना प्रतिस्पर्धा होइन । कुइनो हानाहान, छिर्के लडाउने प्रतिस्पर्धा होइन । प्रतिस्पर्धा दौडनु हो ।

हामी स्वतन्त्रताका हकहरूको पक्षमा छौं । वाक् स्वतन्त्रता, प्रेस स्वतन्त्रता तर सामाजिक मर्यादाका प्रबन्धहरू हामी मान्छौं । हामी 'एनिमल' मात्रै होइनौं, हामी सचेत जीव हौं । हामीले समाज विकास गरेका छौं, समाजले थिति र मूल्यमान्यता विकास गरेको छ । हामी ती मूल्यमान्यता, हाम्रा सुन्दर संस्कृति, र परम्पराहरूलाई भत्काउन सक्दैनौं । यहाँभित्रका बेठीक र अनुपयुक्त भइसकेका पक्षहरूलाई हटाउनु पर्दछ र ठीक कुराहरूलाई जगेर्ना गर्दै अगाडि बढ्नु पर्दछ । 'एनार्किज्म र डेमोक्रेसी' यी कुराहरूलाई हामीले छुट्याउन सक्नुपर्दछ । अराजकता डेमोक्रेसी होइन । मैले २०१९ मा 'डाभोस इकोनोमिक समिट'मा जाँदा त्यहाँ पनि 'साइडलाइन'को एउटा भेटघाटमा सायद

*बाँकी तीन पृष्ठमा*

# हवाई दुर्घटनाबारे अध्ययन गर्न उच्चस्तरीय छानबिन समिति बन्ने

काठमाडौँ, ३१ भदौ (रासस)।

सरकारले हवाई दुर्घटना जाँचका लागि अधिकारसम्पन्न उच्चस्तरीय समिति बनाउने भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले अहिलेसम्म भएका हवाई दुर्घटनामा बनेका जाँच आयोगका प्रतिवेदनले उठाएका सवालबारे अध्ययन गर्न उच्चस्तरीय समिति बनाउने जानकारी दिनुभयो।

मन्त्रालयमा सोमबार सञ्चारकर्मीसँगको अन्तरक्रियामा उहाँले न्यायिक क्षेत्रका व्यक्तिको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति बनाउने र समितिले उठाएका विषयलाई सरकारले कार्यान्वयन गर्ने बताउनुभयो। उक्त प्रयोजनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस भइसकेको र चाँडै सार्वजनिक गरिने जानकारी दिनुभयो।

मन्त्री पाण्डेले पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय समिति गठन हुने जानकारी दिनुभयो। "नागरिक उड्डयन क्षेत्रमा उच्चस्तरीय समिति बनाउनेगरी अहिले प्रक्रिया अगाडि बढेको छ, उक्त समितिले अहिलेसम्म भएका अध्ययनको पुनरावलोकन गर्छ, प्रणालीगत रुपमै समस्या छ की भनेर समीक्षा गरेर सरकारलाई आवश्यक सिफारिस दिनेछ, त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।"

उहाँले अबको अध्ययन पुराना अध्ययनलाई समेत आधार मानेर अहिलेको अध्ययनलाई निष्कर्षमा निकाल्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "पुराना अध्ययनलाई समेत 'रिफ्रेन्स' दिएर कार्यदलले प्रतिवेदन ल्याउनेछ, व्यक्ति, मन्त्री, सचिव बदलिन सक्छन् तर अध्ययनको प्रतिवेदनले दिएको कार्यभार बदलिँदैन, सरकार र मन्त्रालयको कार्यभार बदलिँदैन, त्यसैले एउटा अविछिन्न उत्तराधिकारी संस्थाका रूपमा कार्यान्वयन गर्ने गरी अधिकार सम्पन्न समिति बनाउँछौं।"

**'अब परिणाम आउनेगरी काम गर्छु'**

पर्यटनमन्त्री पाण्डेले मन्त्रालय र मातहत निकायबारे विस्तृत रूपमा बुझ्ने काम भएकाले अब परिणाम र प्रतिफल आउनेगरी काम गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "मन्त्रालयको जिम्मेवारी सम्हालेको दुई महिनाको अवधिमा मानसिक रूपमा, नीतिगत र संरचनागत रूपमा अध्ययन र तयारी भएको अवस्था छ, अब, परिणाम र प्रतिफल आउनेगरी काम गर्छु, कानुनलाई सर्वोपरि ठानेर नीतिगत निर्णयमा अगाडि बढ्छु।"

पर्यटनमन्त्री पाण्डेले कतिपय क्षेत्रमा तत्कालै सुधार गर्नुपर्ने र केही निकायमा रणनीतिक सुधारको विषय भएकाले कानुनी र नीतिगत व्यवस्था गरी संरचनागत र व्यवस्थापकीय सुधार गरेर लैजाने बताउनुभयो। मन्त्री पाण्डेले मन्त्रालय मातहतका निकायलाई गतिशील र प्रभाकारी बनाउन लागिपरेको बताउनुभयो

**दुई अन्तर्राष्ट्रिय विमानस्थल प्रभावकारी रूपमा सञ्चालन गरिने**

पर्यटनमन्त्री पाण्डेले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तराष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनका लागि विस्तृत कार्ययोजना अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। "मन्त्रिपरिषद्ले दुई अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको निम्ति पारित गरेको कार्ययोजनाबारे सम्बन्धित गृह, अर्थ, परराष्ट्र, श्रमलगायत मन्त्रालयले गर्नुपर्ने सबै कामबारे अन्तरमन्त्रालय छलफल भई कार्ययोजनालाई अन्तिम रुप दिन लागिएको छ", उहाँले भन्नुभयो।

निगमको समस्या समाधानका लागि मन्त्रालयले सकेसम्म पहलकदमी गर्दै व्यवस्थापकीय सुधारमा प्रयासरत रहेको र विमान अभावले उडान व्यवस्थापनमा देखिएको समस्यालाई हल गर्ने गरी काम गरिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

**नागरिक उड्डयन प्राधिकरण विभाजनसम्बन्धी विधेयक मन्त्रिपरिषद्मा**

मन्त्री पाण्डेले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियमनकारी निकाय र सेवाप्रदायक निकाय बनाउनेगरी विभाजनसम्बन्धी विधेयक मन्त्रिपरिषद्मा पुगेको र यसको चाँडै प्रक्रिया अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले पर्यटन नीति बनिरहेको र पर्यटन ऐनको मस्यौदा रायका लागि अर्थमन्त्रालयमा पुगेको जानकारी दिनुभयो।

पर्यटनराज्यमन्त्री अरुणकुमार चौधरीले नीतिगत र संरचनागत सुधार गरी मन्त्रालय र मातहतको कामलाई परिणाममुखी बनाउन मन्त्रालयले भगिरथ प्रयास गरिरहेको बताउनुभयो। उहाँले गुणस्तरीय र दिगो पर्यटनको विकासका लागि मुलुकको हवाई सेवालाई बलियो बनाई पर्यटकीय पूर्वाधार विस्तार गरिनुपर्ने धारणा राख्नुभयो।

पर्यटन मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेयले नेपाल वायुसेवा निगमको संस्थागत र संरचनागत सुधार नगरी सानोतिनो सुधारले नहुने बताउनुभयो। उहाँले निगमसँग विमान अभाव भएकाले उडान सेवा प्रभावकारी हुन नसकेको भन्दै समग्र विषयमा सुधार गर्न मन्त्रालयले गृहकार्य गरिरहेको जानकारी दिनुभयो।

---

*प्रधानमन्त्री ...*

न्युयोर्क टाइम्सका पत्रकारले सोध्नुभएको थियो कि प्रेस स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, वाक् स्वतन्त्रता, अभिव्यक्ति स्वन्त्रता आदिका बारेमा, मैले त्यस बेला त्यही भनेको थिएँ-पत्रकारिता स्वतन्त्र छ तर पीत पत्रकारिता, झुटो पत्रकारिता, समाजमा बेठीक कुराहरू फैलाउने पत्रकारिताई हामीले अलिकति सोध्नैपर्छ, सोधिखोजी गर्नै पर्छ। झुटा कुराहरूको खेती गरेर समाजको सम्बन्ध बिगार्ने, मान्छेहरूका परिवार बिगार्ने, पारिवारिक सम्बन्ध बिगार्ने, साथीहरूका सम्बन्ध बिगार्ने आदि कुराहरू, अरूका कुराहरू अनावश्यक व्यक्तिगत 'इस्यु'हरूलाई पनि खोजेर उछालेर नभएका कुराहरू पनि जोडिजोडीकन दिने प्रकारका क्रियाकलापहरू उचित हुँदैनन्।

सम्मानित सदन र माननीय सदस्यहरू सबैलाई म सभामुखमार्फत भन्न चाहन्छु, उठ्दै नउठेका कुराहरूमा प्रस्ताव नै नआएको कुरामा छलफल कसरी चलेको हो, त्यो मैले बुझेको छैन। प्रस्ताव पनि आएको छैन, छलफल पनि भएको छैन। कसैले विषय उठान नै गरेको छैन। उठान नै हेरिराखेको थिएँ, के भएको होला ! उठाएकै छैन। त्यो विषयमा कसैले के भनेर छलफल गर्‍यो भने त्यो छलफल संसद्मा आएर भएको पनि होइन, कहीं कसैले कुरा गरे अरे भनेको सुन्दाखेरि के कुरा गरेका थियौं, किन यस्तो कुरा गर्‍यौं, ए बाबा ! त्यो कस्तो हो ? संसद्मा कुरा उठ्छ, के विषयमा भनेर मान्छेले छलफलमा यस्सो बोल्न पनि के रहेछ भनेर सोध्न पनि नपाउने ? अनि 'एथ्निसिटी'का कुरा, 'जेन्डर'का कुरा आदि अनेक कुराहरू उछालेर गालीगलौजका भाषाहरू ! साथीहरू थुप्रैले राखिसक्नुभएको छ, बोलौं ठीक छ। आलोचना गरौं। तर भाषाको सीमा हुन्छ होला। हामी सभ्य नेपाली समाजमा छानिएका सभ्य प्रतिनिधि हौं। हाम्रा क्रियाकलाप र बोली व्यवहारमा समाजले एउटा नमूना प्रतिबिम्बको अपेक्षा खोज्ला। आफ्नो सभ्यताको, शिष्टताको, मर्यादाको प्रतिबिम्ब सांसदहरूबाट आयो भन्ने जनताले ठान्नुपर्ला। त्यसो भएर म अहिले त्यता धेरै नजाऔं।

म संयुक्त राष्ट्रसङ्घमा जाँदैछु र म ढुक्क रहन माननीयजीहरूलाई भन्न चाहन्छु, फर्किएर आएपछि फेरि मैले सदनको बैठकमा के गरें, कसो गरें भन्नेछु। मेरा सबै वक्तव्यहरू सबै मिडियामा आइसकेको हुन्छ, कुनै गोप्य हुँदैन। त्यसमाथि पनि मैले यस गरिमामय सदनलाई रिपोर्टिङ गर्नेछु कि मैले यो यो चीज गरेर आए, यो यो कुरा बोलेर आए, यसमा प्रकाश पारेर आए, यस्तो गरेर आए भनेर भन्नेछु। म नेपालको शिर ढल्नेगरी, नेपालको इज्जत तल पर्नेगरी, नेपालको कुनै पनि हिसाबले प्रभाव, प्रतिष्ठा, हित, सरोकार केही पनि तल पर्नेगरी काम गर्दिनँ। एकजना माननीयजीले अघि उठाउनुभएको थियो कि हामीले गर्ने राजनीति भनेको देश र जनताका लागि हो। आजका लागि हो, आजभन्दा बढी भोलिका लागि हो। त्यसो भएर हामी जुन घरको जग राख्छौं, जग राख्ने बित्तिकै बस्न पाइँदैन। जहाँ शिलान्यास गर्छौं, त्यहाँ बस्न पाइँदैन, त्यो त भोलि बस्नका लागि हामी बनाउँछौं। भोलिका लागि केही नगर्ने हो भने त धर्ती बाँझो हुन्छ, उर्वराहीन हुन्छ। हामी भोलिका लागि बढी गर्छौं, आजका लागिभन्दा। असारका लागि असारमा धान रोपिएको होइन, कात्तिक र मङ्सिरका लागि रोपिएको हो। यो कुरा बुझेर नै हामी हाम्रा नीतिहरूमा अगाडि बढ्छौं।

अहिले धेरै विषयहरूमा म जान चाहन्नँ। म दुवै सदनका सबै माननीयज्यूहरूमा समेत र यस सदनमार्फत सम्पूर्ण नेपाली जनतामा पनि दशैंको धेरै धेरै शुभकामना भन्न चाहन्छु र निकट भविष्यमा दुई दिनपछि संविधान तथा राष्ट्रिय दिवस आउँदैछ। यो हामी सबै नेपालीका सङ्घर्ष र उपलब्धिहरूको साक्षी हो, प्रतिफल हो र प्रतीक हो। यसकारण यस दिवसको पनि धेरै धेरै शुभकामना भन्न चाहन्छु। दसैं-तिहारको पनि शुभकामना भन्न चाहन्छु र मलाई बोल्न समय दिनुभएकामा सम्माननीय सभामुखज्यूलाई धेरै धेरै धन्यवाद भन्न चाहन्छु। धन्यवाद ! (प्रधानमन्त्रीको मन्तव्यमा आधारित रही स्वकीय सचिवालयबाट तयार गरिएको विवरण)


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**अगिनसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### जापानमा वृद्धवृद्धाको संख्या उच्च

टोकियो, ३१ भदौ (रासस/एएफपी)।

जापानमा यस वर्ष ६५ वर्ष वा सोभन्दा बढी उमेर समूहका व्यक्तिको सङ्ख्या तीन करोड ६२ लाख ५० हजार पुगेको सरकारी तथ्याङ्कले देखाएको छ।

जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले आइतबार सार्वजनिक गरेको तथ्याङअनुसार जापानको कूल जनसङ्ख्याको २९.३ प्रतिशत वृद्धवृद्धा रहेका छन्। विश्वका २०० देश र एक लाखभन्दा बढी जनसङ्ख्या भएका क्षेत्रको सूचीमा ज्येष्ठ नागरिकको अनुपातका आधारमा जापान शीर्ष स्थानमा रहेको मन्त्रालयले जनाएको छ।

इटाली, पोर्चुगल, ग्रीस, फिनल्याण्ड, जर्मनी र क्रोएसियाले युरोपको प्रतिनिधित्व गर्दै शीर्ष १० मा २० प्रतिशतभन्दा बढी वृद्धवृद्धाको जनसङ्ख्या दर भएका मुलुकका रूपमा प्रतिनिधित्व गरेका छन्।

दक्षिण कोरिया १९.३ प्रतिशत र चीन १४.७ प्रतिशत वृद्धवृद्धाको जनसङ्ख्या रहेको छ। जापानले बढ्दो जनसङ्ख्या सङ्कटको सामना गरिरहेको छ। बढ्दो वृद्ध जनसङ्ख्याले चिकित्सा र कल्याणकारी लागत बढाउँछ साथै यसको लागि भुक्तानी गर्न श्रम शक्ति घट्दै जान्छ।

जापानको सरकारी तथ्याङ्कअनुसार देशको कूल जनसङ्ख्या पाँच लाख ९५ हजारले घटेर १२ करोड ४० लाखमा झरेको छ। आइतबारको तथ्याङ्कअनुसार सन् २०२३ मा जापानमा ९१ लाख ४० हजार वृद्धवृद्धाले कुनै न कुनै रोजगारी पाएका छन्। उनीहरूले कुल श्रमशक्तिको १३.५ प्रतिशत प्रतिनिधित्व गर्छन् वा हरेक सातमा एक जना रोजगार कर्मचारीको प्रतिनिधित्व गर्छन्।

जापान सरकारले आफ्नो जनसङ्ख्याको ह्रास र वृद्धवृद्धाको जनसङ्ख्यालाई सन्तुलनमा राख्ने प्रयासस्वरूप विभिन्न योजनाहरू सार्वजनिक गरेको भएपनि यसले सार्थकता पाउन सकेको छैन।

### पाकिस्तानका १० सांसद्लाई जमानत दिइयो

इस्लामावाद, पाकिस्तान, ३१ भदौ (रासस/एएफपी)।

पाकिस्तानको एक आतङ्कवादविरोधी अदालतले जेलमा रहेका पूर्व प्रधानमन्त्री इमरान खानको पार्टीका १० जना सांसदलाई सोमबार जमानत दिएको छ।

राजधानी इस्लामावादमा एक ठूलो र्‍यालीको नेतृत्व गरेको दुई दिनपछि खानको पाकिस्तान तेहरिक-ए-इन्साफ (पीटीआई) पार्टीका १० सांसदसहित कम्तीमा ३० जनालाई गत मङ्गलबार हिरासतमा लिइएको थियो।

आतङ्कवादविरोधी अदालतले उनीहरूलाई जमानतस्वरूप ३० हजार भारतीय रूपैयाँ (१०० अमेरिकी डलर) तोकिएको छ।

गत वर्षको अगष्टमा खानलाई जेल चलान गरिएपछि पीटीआईले व्यापक दमनको सामना गर्नुपरेको छ। यसलाई राजनीतिक पूर्वाग्रहबाट प्रेरित आफूलाई सत्ताबाट टाढा राख्नका लागि डिजाइन गरिएको योजनाको रूपमा पूर्वप्रधानमन्त्री खानले आरोप लगाउँदै आउनुभएको छ।

जमानतमा रिहा गरिएका ती १० जना सांसदमध्ये कतिपयलाई राष्ट्रिय सभाको कार्यालयमा नै सुरक्षा नियन्त्रणभित्र राखिएको थियो। उनीहरूमाथि आतङ्कवादविरोधी ऐनअन्तर्गत मुद्दा चलाइएको थियो।

उनीहरूमाथि र्‍याली हुनुभन्दा केही दिनअघि पारित गरिएको शान्तिपूर्ण सभा र सार्वजनिक व्यवस्था ऐनको उल्लङ्घन गरेको आरोप लगाइएको थियो। यस घटनालाई लिएर अधिकारवादी समूहहरूले अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण विरोध प्रदर्शनलाई कुण्ठित गर्ने प्रयास भएको बताएका छन्।

दुई वर्षअघि खानलाई पदच्युत गरेदेखि नै पीटीआई र सेनाबीचको विवाद बढेको छ।सन् २०२३ को मे महिनामा भ्रष्टाचारको आरोपमा पूर्व क्रिकेट स्टार खान पक्राउ परेपछि यो विवाद उत्कर्षमा पुगेको थियो।

उहाँका समर्थकहरूले खानको पक्राउ अवैध रहेको र यो राजनीतिक पूर्वाग्रहका कारण रचिएको प्रपञ्चका रूपमा व्याख्या गर्दै दवावका लागि भन्दै हिंसक विरोध प्रदर्शन र सैन्य प्रतिष्ठानहरूसमेतमा आक्रमण गरेका थिए।

पाकिस्तानको सबैभन्दा शक्तिशाली संस्थाका रूपमा रहेको सेनाले पीटीआईमाथि व्यापक प्रतिबन्ध र दमन सुरु गरेको थियो।

प्रतिबन्धले खानको लोकप्रियता घटाउन असफल भएको छ। पूर्व प्रधानमन्त्रीद्वारा समर्थित उम्मेदवारहरूले २०२४ को चुनावमा सबैभन्दा बढी सिट जितेका थिए।विश्लेषकहरूका अनुसार खान सन् २०१८ मा सेनाको सहयोगमा सत्तामा पुग्नुभएपनिसन् २०२२ मा जनरलसँग मनमुटाव भएपछि उहाँलाई सत्ताच्युत गरिएको थियो।

संयुक्त राष्ट्रसङ्घको विज्ञहरूको प्यानलले यसै महिना उहाँलाई हिरासतमा लिइनुमा कुनै कानुनी आधार नभएको र उहाँलाई राजनीतिक पदका लागि अयोग्य ठहऱ्याउने उद्देश्यले गरिएको देखिएको बताएको थियो।

अदालतले उहाँविरुद्ध लगाइएका थुप्रै अभियोगलाई उल्ट्याएको छ। पीटीआईको सामाजिक सञ्जाल र प्रेस टोलीका केही सदस्यहरूलाई गत महिना पक्राउ गरिएको थियो र उनीहरूलाई 'राज्य विरोधी प्रोपोगान्डा' फैलाएको आरोप लगाइएको थियो।

# चार जिल्लामा हुलाकी सडक निर्माण

जनकपुरधाम, ३१ भदौ (रासस)।

मधेश प्रदेशको चार जिल्लामा रु आठ अर्ब ५१ करोड ७९ लाखको लागतमा तीन सय ३५ किलोमिटर हुलाकी सडक निमार्ण गरिएको छ। आर्थिक वर्ष २०७२/७३ देखि आव २०८०/८१ सम्ममा उक्त हुलाकी सडक निर्माण गरिएको हो। केही ठाउँमा थप सडक निमार्ण गर्ने कार्य भइरहेको छ।

प्रदेशका धनुषा, महोत्तरी, सिरहा र सर्लाहीमा हुलाकी सडक निर्माण गरिएको हो। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरधामका सूचना अधिकारी रञ्जीतकुमार रायका अनुसार ती चार जिल्लामा कूल तीन सय ९३ किमी सडक निमार्ण गर्ने लक्ष्य थियो। यस क्रममा साना तथा ठूला गरी ५१ पक्की पुल निर्माण गरिएका छन्।

हुलाकी सडक निमार्ण कार्य नेपाल तथा भारत सरकारको लगानीमा भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले जानकारी दिनुभयो। हुलाकी सडक निर्माणबाट करिब ३६ लाख नागरिक लाभान्वित हुने उहाँले बताउनुभयो। "हुलाकी सडक छेउछाउका जमिनको मूल्य आकासिएको छ, राजमार्गमा पर्ने ठूला तथा साना बजार आर्थिकरुपले समृद्ध हुँदै गएका छन्। राजमार्गमा सवारी साधनको आवागमनमा वृद्धि भएको छ", उहाँले भन्नुभयो।

कार्यालयबाट प्राप्त विवरणअनुसार निमार्ण भएको हुलाकी सडकमध्ये सिरहामा २९ दशमलव ९८ किमी (कमला-बलान सडक), २७ दशमलव ४६ किमीको गोलबजार जमदह लवदी र गरियानी खडग सडक, धनुषामा ३५ दशमलव ५८ किमीको कदम चौक-कप्टौल-निकौरिया सडक, १० किमीको यदुकोहा- खजुरीमहुवा सडक तथा १० दशमलव २६ किमीको जनकपुरधाम-जलेश्वर भिठ्ठामोड सडक रहेका छन्।

यसैगरी महोत्तरीमा निर्माण भएका सडकमा २० किमी लामो जनकपुर-बसविटी-वलुवा-हर्दिपोखर-भिण्डा-सङ्ग्रामपुर सडक निमार्ण गरिएको छ। सर्लाहीमा २२ दशमलव ४८ किमी लामो वेल्हीत्रिभुवन नगर सडक, २१ दशमलव २० किमी लामो फुलजोड-त्रिभुवन नगर सडक तथा ४० दशमलव ३७ किमी लामो शितलपुर-मलङ्गवा-खरैयाटोल सडक, २६ दशमलव ५९ किमी लामो नवलपुर-मलङ्गवा तथा ४० दशमलव ५८ किमी लामो नयाँ रोड-बरहथवा र मधुवनी सडक तथा बरहथावादेखि पश्चिम ५२ किमी सडक निर्माण सम्पन्न भएका छन्।

# यस वर्ष विपद्‌बाट हुने मानवीय क्षतिका घटनामा बढोत्तरी

काठमाडौँ, ३१ भदौ (रासस)।

पछिल्लो मनसुनको ९० दिनमा गत वर्षको भन्दा विपद्‌बाट हुने मानवीय क्षतिका घटनामा बढोत्तरी भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गतको जेठ २८ गतेदेखि यही भदौ तेस्रो हप्तासम्मको ९० दिनमा मनसुनजन्य घटनाबाट दुई सय २५ जनाको मृत्यु भएको पाइएको हो।

प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले सो अवधिमा ४९ जना बेपत्ता र दुई सय ८४ जना घाइते भएको जानकारी दिनुभयो। प्रभावित परिवारको सङ्ख्या भने अलि कम रहेको पाइएको छ। प्राधिकरणले ९० दिन (जेठ २८- भदौ २२)सम्मको अवस्था प्रतिवेदन आइतबार सार्वजनिक गर्दै मनसुनजन्य विपद् प्रभावित परिवार सङ्ख्या चार हजार छ सय १५ पुगेको जानकारी गराएको छ।

गत वर्ष यसै अवधिमा मनसुन सुरु भएको ९० दिनको अवधिमा ८५ जनाको मृत्यु, २९ जना बेपत्ता, एक सय २६ जना घाइते भएका थिए। विपद् प्रभावितको परिवारको सङ्ख्या भने छ हजार ३० रहेको थियो। यो मनसुनमा मनसुनजन्य विपद्ले सबैभन्दा धेरै बागमती प्रदेशमा ५७ जना र सबैभन्दा कम मधेस प्रदेशमा पाँच जनाको मृत्यु भएको छ।

यस वर्ष मनसुनजन्य विपद्‌मध्ये सबैभन्दा धेरै पहिरोबाट एक सय ३५ जना र सबैभन्दा कम भारी वर्षाबाट एक जनाको मृत्यु भएको पनि प्राधिकरणले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ। यस्तै बाढीबाट ४९ र चटचाडबाट ४० जनाले ज्यान गुमाएका छन्।

गत असार २८ गते चितवनको भरतपुर महानगरपालिकाको सिमलतालमा गेग्ग्रान बहाबमा परी दुई बसका ६२ जना यात्रु त्रिशूली नदीमा बेपत्ता भएकामा २४ जनाको शव फेलापरेको जानकारी गराइएको छ। कञ्चनपुरको दोधारा चाँदनीमा ऐतिहासिक वर्षा भएको उल्लेख छ। त्यहाँ जल मापनको ७७ वर्षको इतिहासमा सबैभन्दा धेरै छ सय २४ मिलीमिटर वर्षा भएको थियो।

# सहकारी छानबिन समितिको प्रतिवेदन प्रतिनिधिसभामा पेस

काठमाडौँ, ३१ भदौ (रासस)।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन पेस भएको छ।

समितिका सभापति सूर्यबहादुर थापा क्षेत्रीले 'सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८१' पेस गर्नुभएको हो। मुलुकको समग्र वित्तीय प्रणाली र सहकारी क्षेत्रमा देखिएका समस्याका सम्बन्धमा कानुन विपरीत बचतकर्ताहरूको बचत रकम दुरुपयोगबारे संसदीय छानबिन समितिको माग भएबमोजिम गत जेठ १५ गते सात सदस्यीय संसदीय छानबिन विशेष समिति गठन भएको थियो।

प्रतिवेदन पेस गर्दै समितिका सभापति थापाले सहकारी संस्थामा रकम दुरुपयोग सम्बन्धमा अध्ययन र छानबिन गरी तथ्यका आधारमा प्रतिवेदन पेस गरिएको बताउनुभयो। उहाँका अनुसार समितिले गत जेठ २३ गते पहिलो बैठकबसी कार्यप्रारम्भ गरेको थियो। प्राप्त कार्यादेशमा केन्द्रित रही यस अवधिमा ६६ वटा बैठक सम्पन्न गरेको थियो। समितिले छानबिनका क्रममा सोधपुछ, छलफल र अनुसन्धान गरी तथ्यका आधारमा सत्य खोज्ने प्रयास गरिएको उहाँले उल्लेख गर्नुभयो।

सभापति थापाले मुलुकमा सहकारी समस्या विकराल बनिरहँदा समस्याको पहिचान र समाधन गर्ने सन्दर्भमा सरोकारवालासँग सोधपुछ र छलफल गरेर प्रतिवेदन तयार गरिएको जानकारी दिनुभयो। समितिले सोधपुछ र छानबिनका लागि जिबी राईसहित २९ जनालाई समितिमा ल्याउन आग्रह गरिएकोमा केही व्यक्ति मात्रै समितिमा आएको उहाँले उल्लेख गर्नुभयो।

समितिले विभिन्न क्षेत्रका चार सय ५१ जनासँग जानकारी, छलफल र सुझाव लिएको थियो। समिति विभिन्न १४ वटा बैठकमा गोरखा मिडिया नेटवर्कसहित संस्थाको आरोपित ४७ जना सञ्चालकसँग बयान लिएको थियो। समितिले विभिन्न सरोकारवालासँग छलफल गरी सहकारी अवधारणा र यसको संकटबारे पनि छलफल गरेको जनाइएको छ।

सभापति थापाले सहकारी संस्थाको नियमन सम्बन्धित १४ विषयमा सुझाव दिएको र गोरखा मिडियाका सम्बन्धमा आठवटा सुझाव प्रस्तुत गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सहकारी क्षेत्र धरापमा छ, तर सम्भावना पनि धेरै छ। छरिएको पुँजी एकीकृत गरेर जीवन रुपान्तरणका लागि सहकारीलाई सुधारमार्फत पुनरुत्थान र जगेर्ना गर्न सामुहिक प्रयत्न जरुरी छ।"

सभापति थापाले सहकारीका माध्यमबाट अर्थतन्त्रलाई माथि उठाउन सबै लाग्नुपर्नेमा जोड दिनुभयो। नेपालको सहकारी क्षेत्रले नक्कलीको बिगबिगी बेहोरिरहेको, बिबाह नक्कली, बैठक र साधरणसभा नक्कली बनाएर, खाता, लेखापरीक्षण र कार्यप्रणाली गलत भन्दै कानुन र इमानविपरीतका गतिविधि अन्त्य गरी सुधारका लागि लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले समितिको सोमबार अन्तिम बैठकले प्रतिवेदन पारित गरी संसदमा पेस गरिएको जानकारी दिनुभयो। तथ्य प्रमाणको आधारमा १८ परिच्छेदमा प्रतिवेदन तयार पारिएको र प्रतिवेदनले औल्याएको विषय कार्यान्वयन गर्न पनि समितिका सभापति थापाले आग्रह गर्नुभयो। उहाँले सरकार, संसद, मन्त्रीलगायत सबै सराकोरवालाको सहयोगप्रति आभार व्यक्त गर्नुभयो।

प्रतिवेदनमार्फत सहकारी क्षेत्रमा अविश्वासको कालो बादल मडारिरहेको अवस्थामा साझा समस्यालाई एक ठाउँमा उभिएर समाधान खोज्न प्रयास गरिएको उहाँले उल्लेख गर्नुभयो।

बैठकमा सभामुख देवराज घिमिरेले सभामा प्रस्तुत सहकारी संसदीय छानबिन विशेष समितिको प्रतिवेदन आवश्यक कार्यार्थ नेपाल सरकारलाई पठाउन संसद सचिवालयलाई निर्देशन दिनुभयो।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले 'राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७९/८०' प्रतिनिधिसभामा पेश गर्नुभएको छ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले चालु अधिवेशनमा विभिन्न मन्त्रालयबाट उत्तर प्राप्त भएका सबै मौखिक प्रश्न र उत्तरहरू टेबुल गर्नुभएको थियो।

प्रतिनिधिसभा नियमावली बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, अर्थमन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नोत्तर टेबुल गरिएको हो।

त्यस्तै, सांसद सिता मिजारले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको वार्षिक प्रतिवेदन २०८१ पेस गर्नुभएको थियो।

सभामुख देवराज घिमिरेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट प्राप्त कार्यभार थपसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनुभयो।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*